# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan







वर्ष १८, अंक १०, २०८२ जेठ १५-३१

Vol. 18, No. 10, June 01-15, 2025


## एनआरएन नागरिकताले आकर्षित गरेन: कारण यस्तो छ



Address in Nepal ( In Block ): District

Rural Municipality/ Municipality /Sub/Metropolis: Ward No.

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ।

प्रमाणपत्र पाउनेको दस्तखत :

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको,

दस्तखत :

नाम थर :

दर्जा :

मिति :

यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालय वा नेपाली कूटनीतिक नियोगमा बुझाई दिनु होला।

❑ **नेस डेस्क**

काठमाडौं - गैरआवासीय नेपाली (एनआरएन) लाई संवैधानिक व्यवस्था अनुसार नागरिकता दिने ऐतिहासिक कानून बनेको दुई वर्ष पूरा भएको छ । तर यो नागरिकताले एनआरएनलाई आकर्षित गर्न सकेको छैन ।

संविधानले नै प्रत्याभूत गरेका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूलाई कानूनमा परिभाषित नगरिँदा यो नागरिकता 'अधिकारविहीन' बन्न पुगेको छ । परिणामस्वरूप, न त यो व्यवस्थाले विदेशमा रहेका नेपालीलाई आकर्षित गर्न सकेको छ, न मुलुकले उनीहरूको सीप, पुँजी र मातृभूमिप्रतिको लगावबाट अपेक्षित लाभ नै लिन सकेको छ ।

२०८० जेठमा संघीय संसद्ले पारित गरेको नागरिकता ऐनपछि हालसम्म जम्मा ५ हजार १ सय ५६ जनाले मात्र एनआरएन नागरिकता लिएका छन् । नागरिकता लिएकाहरूले समेत यसलाई 'कागजको खोस्टो' भन्दै टिप्पणी गरेका छन्, किनकि यसले उनीहरूको दैनिकीमा कुनै ठोस र सकारात्मक परिवर्तन ल्याउन सकेको छैन ।

समस्याको मूल जड नागरिकता ऐनको दफा ७ (क) मा रहेको अस्पष्टता हो । उक्त दफामा राजनीतिक बाहेकका अधिकार दिइने उल्लेख भए पनि ती 'आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार' भित्र के-के पर्छन्

»» बाँकी पृष्ठ ७ मा

## अबको पर्यटन: मार्ट, मोबाइल र माउन्टेन

❑ **नेस डेस्क**

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । अद्बितिय प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र विविधताका कारण यस क्षेत्रमा तुलनात्मक लाभ छ । विशेषत: प्राकृतिक सुन्दरता, महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक साँस्कृतिक तथा पुरातात्विक सम्पदा नेपालको पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका सम्पदा हुन् । पछिल्ला वर्षहरूमा वाह्यसँगै आन्तरिक पर्यटनमा देखिएको उत्साहजनक वृद्धिले नयाँ आशा जगाएको नेपाल पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीले सुनाए । उनले परम्परागत प्रचार शैलीलाई परिमार्जन गर्दै डिजिटल प्रविधि र सामाजिक सञ्जालको अधिकतम उपयोगमार्फत लक्षित बजारसम्म पुग्ने रणनीति लिएको उनी बताउँछन् । पर्यटनको अवस्था, चुनौती र पर्यटन प्रवर्द्धनका ठोस योजनालगायतका विषयमा सीईओ जोशीसंग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश:-

**पर्यटन बोर्डले कस्ता योजनाहरूलाई बढी प्राथमिकतामा राखेर काम गरिहेको छ ?**

पर्यटन सेक्टर आफैमा वास्तवमा बहुआयामिक सेक्टर छ र थुप्रै अरू सेक्टरहरूसंग यसको सम्बन्ध रहेको हुन्छ । एक्लै पर्यटनले आफैले मात्र गरेर, आफैले धेरै प्रभाव पार्न सक्ने हुँदैन । अरू क्षेत्रहरूसँग पनि त्यत्तिकै अन्योन्याश्रित सम्बन्ध पर्यटनको हुन्छ । त्यो



दीपकराज जोशी
सीईओ, नेपाल पर्यटन बोर्ड

हिसाबले पनि हाम्रा इन्गेजमेन्टहरू धेरै हुन्छन् । मुख्य गतिविधिहरू हामीले गर्दाखेरि आजका दिनमा नेपालका यो आकर्षक पर्यटकीय गन्तव्यहरू अथवा गतिविधिहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रचार-प्रसार गर्ने, ताकि त्यसले बढीभन्दा बढी गुणस्तरीय पर्यटकहरू नेपाल आउनका लागि एउटा वातावरण सिर्जना गरोस् । अर्को के छ भने थुप्रै लगानीहरू भइरहेको हुन्छ नेपालमा । त्यो व्यवसाय गर्नेहरूको व्यावसायिक प्रर्वद्धन पनि हामीले गर्न सकौं, त्यसले गर्दा उहाँहरूको बिजनेस सस्टेन होस् । र साथसाथै, देशभित्र पर्यटक-मैत्री वातावरण बनाउने काममा पनि हामीले सहजीकरणको भूमिका खेलिरहेका हुन्छौं ।

»» बाँकी पृष्ठ ७ मा









## सम्पादकीय

# स्मार्ट प्रविधि र हाम्रो डिजिटल साक्षरता

मानव सभ्यताको विकासक्रम अहिले एआइ अर्थात आर्टिफिसियल इन्टिलिजेन्स (कृत्रिम वौद्धिकता) को बहस गर्ने ठाउँमा आईपुगेको छ। पृथ्वीबाहेक अन्य ग्रहमा समेत मानवबस्तीको चर्चा चल्न थालेको धेरै भईसकेको छ। हामी भने अझै जातिय, छुवाछुत र भेदभावको मुद्दामा अल्झिरहेका छौं। विकास र समृद्धिको झिनो आशाको त्यान्द्रो देखाएर टाँठाबाठाहरू अझै राजनीतिको रोटी सेकिरहेका छन्, हामी भने हरितन्नम् भएर उनैलाई पत्याईरहेका छौं। हुन त हाम्रो समाजको चित्रअनुसार चेतना र चेतनाको स्तर अनुसार चिन्तन र मन्थन हुनु स्वभाविकै हो। हामी कम्प्युटर साक्षरताको एउटा कोर्स नै उत्तीर्ण नगरी सिधै डिजिटल युगमा घिस्रेरै भएता पनि इन्जोय गरिरहेका छौं। डिजिटल साक्षरताको प्रतिशत हेर्दा सन्तोष गर्ने ठाउँमा नभए पनि नेपालीहरूको हातहातमा अहिले स्मार्ट फोन छ। स्मार्ट फोन चलाउनका लागि दिमाख पनि स्मार्ट नै हुनुपर्ने हो। हाम्रो जस्तो पछौटे नेपाली समाजका लागि समयभन्दा अगावै उपलब्ध सूचना र प्रविधिका अनेकन सुविधा एवं डिजिटल प्लेटफर्म कति लाभदायक र कति हानीकारक भईरहेका छन् यो अर्को छलफलको विषय हुनसक्छ। जानेर वा नजानेर डिजिटल प्लेटफर्मको प्रयोग गर्दै आईरहेको आजको डिजिटल पुस्ताले समाज परिवर्तनको अग्रगमनतर्फ डोऱ्याउनुपर्ने हो तर त्यो छनक देखिदैन। सित्तैमा, सजिलै, बिना परिश्रम र बिना अध्ययन उपलब्ध सुबिधाको अत्यधिक बेप्रवाह प्रयोगले नेपाली समाज थोरबहुत उत्ताउलो भएको छ भने थोरबहुत चोथाले र कुरौटे भएको छ।

तथ्य र प्रमाण बिना एकले अर्कोलाई दोषी करार गर्न होस् या धारावाहिक महावाणी संप्रेषण गरेर आफुलाई महान् विद्वान सावित गर्न होस् डिजिटल प्लेटफर्म अहिले एउटा गतिलो हतियार बनेको छ। तथापि यसका सकारात्मक पक्षका नालीबेली पनि यथेष्ट छन्। संसारभरि छरिएर रहेका नेपालीहरूबीच सम्पर्क सूत्र र नेटवर्किङमार्फत अध्ययन, अनुसन्धानदेखि व्यवसायिक गतिविधि सञ्चालन गर्न सहज बनाईदिएको छ। सूचना आदानप्रदानमा त यसले क्रान्ति नै ल्याईदिएको छ। पाठकले समाचार खोज्दै हिड्ने जमानाबाट समाचारले पाठकको हात-हातमा जनाउघण्टी दिने जमानामा हामीलाई उभ्याईदिएको छ।

यति भन्दैगर्दा हामी आफुले आफुलाई समयअनुसार कत्तिको अपडेट गर्न सक्यौं वा चाह्यौं यो महत्वपूर्ण प्रश्न हो। डिजिटल सुविधाले 'आलु खाएर पेंडाको धाक लगाउने जमात' त तयार गर्दै छैनौ भन्नेतिर पनि सोच्नुपर्ने बेला आएको छ। सजिलै उपलब्ध भएको सुविधा उपभोग गर्ने ठाउँमा जब मानिस पुग्छ अनि उसले अहिलेसम्म गर्दैआएको कर्म चटक्कै छोडिदिन्छ अनि अल्छि बन्छ। परिणामस्वरूप: हातले लेख्दै आएको अब कम्प्युटरमा लेख्ने भयौं अनि कलम बोक्न झ्याउ मान्न थाल्यौं। केही दशकअघिसम्म हुलाकमार्फत चिठीपत्रमा रमाउँदै आएका हामी अहिले इमेल चलाउन पनि झण्झटिलो लाग्न थालेको छ। छिटो, छरितो र तुरून्ता तुरून्तै चाहिने र हुनुपर्ने दुनियाँमा अभ्यस्त हुँदै गर्दा अब हामीलाई धैर्य गर्ने बानी पूरै हराईसकेको छ। पुस्तकका ठेली हेर्दै अब हामीलाई कहाली लाग्ने भईसक्यौं। पत्रपत्रिकामा प्रकाशित सन्दर्भ सामग्री तथा लेख-रचनाहरू नपढेरै अनुमान पढिदिन्छौं, अनि बखान गर्दै हिड्ने भएका छौं। मात्र ३० सेकेण्डको भिडियोमा देशदुनियाँका भएभरका खबरको अपेक्षा गर्ने हामी ओभर स्मार्ट भईसकेका छौं। मान्छेहरूको उमेरले हैन पछिल्ला प्रविधिसंगको उसको अभ्यस्तता र अपडेटले समाजमा उसको हैसियत मापन हुन थालेको छ।

मानव सभ्यताको विकासक्रममा कटुवाल प्रथा, हुलाकीको चिठी, तीन शताब्दी अगाडिबाट सुरू भएको छापा पत्रकारिता यात्रा हुँदै रेडियो, टेलिभिजन, अनलाइन र अहिले सामाजिक सञ्जालको ब्यापक दबदबासम्म आईपुग्दा सूचना आदान प्रदानका लागि तात्कालिन समयको लोकप्रिय माद्यममा समाज अलि लामो समय अडिने गरेको देखिन्छ। पछिल्लो समयमा मानव जीवनका लागि मल्टी पर्पोजका रूपमा सहयोगीसिद्ध बन्दै आएको एआइको उपादेयता पनि बढ्दो छ। त्यसलाई मानवहितमा ठीक ढंगले प्रयोग गरी डिजिटल युगको भरपुर उपयोग गर्न पनि हाम्रो नेपाली समाजमा डिजिटल साक्षरता बढाउन जरूरी देखिन्छ।




# आफ्नो शक्ति चिनौ

## विचार

✍ -स्वेट मार्डेन

आत्मा जागृत भएपश्चात् नै मानिसभित्र नवजीवनको सञ्चार हुन लाग्छ। उसको जीवन मीमांसा बदलिन्छ र ऊ कर्ममा प्रवृत्त हुन्छ। जहाँ उसलाई माथि उठ्ने अवसर मिल्दछ, त्यहाँ उसको आत्मा शान्त हुन जान्छ।

अधिकांश मानिस यस्ता हुन्छन्, जो आफ्नो शक्तिलाई नचिन्नाका कारणले भन्दछन्, यदि मसित मार्शल, रूजवेल्ट जस्ता महान् व्यक्तिहरूको जस्तै शक्ति हुन्थ्यो भने म सबैभन्दा अगाडि हुन्थे। यदि मलाई आफ्नो शक्तिको बारेमा थाहा हुन्थ्यो भने म हरप्रकारले त्यसलाई सिद्ध गर्ने प्रयास गर्नेथें।

तर प्रश्न यो उठ्दछ कि कसैलाई आफ्नो शक्तिको विषयमा कसरी थाहा हुन्छ ? ऊ आफुभित्र त्यो शक्ति राख्दैन, जुन संसारको महान् आत्मामा पाइएका छन्। यदि तपाई आफ्नो शक्तिको परीक्षण गर्नहुन्छ भने तपाईको शक्तिको सीमाको अन्दाज कसरी हुनेछ ? वास्तवमा प्रत्येक व्यक्तिको कर्तव्य यो हो कि उसले अरूको शक्ति देखेर आफ्नो शक्तिको परीक्षण गर्नुपर्दछ। मित्र त्यो शक्ति रहेको पनि हुन सक्छ।

जो व्यक्ति अरूको शक्ति हेर्नमा आफ्नो अमुल्य समय नष्ट गर्दछ ऊभित्र ईर्ष्या र द्वेष विषालु भावना पलाउँदछ, जसले उसको जीवनलाई नष्ट गरिदिन्छ। दोस्रोको शक्ति देखेर उसको आलोचना अथवा प्रशंसा गर्नुभन्दा आफ्नो अमूल्य समयलाई आफ्नो शक्ति खोज्न र आफूभित्र अलग पहिचान बनाउनमा लाग्नु नै श्रेयकर हुन्छ।


संसारमा यस्ता अनेक स्त्री पुरूष छन्, जसले विभिन्न क्षेत्रमा त कमाएका हुन्छन्। जब उनीहरूले साधारण जीवन बिताइरहेका थिए, उसले विश्वास गर्दथ्यो कि हाम्रो छिमेकमा रहने पुरूष अथवा महिलाले यति नाम कमाउने छन् ? हेर्दा त सबै छिमेकी एक समान नै लाग्दछ। तिनीहरूमध्ये केही यस्ता हुन्छन्, जो आफ्नो जीवनलाई संघर्षले सार्थक बनाउँछन्। कतिपय यस्ता पनि हुन्छन्, जो सडकमा बरालिएर हिंड्ने ठूल्ठूला कुरा गर्ने र अरूको निन्दा एवम् आलोचना गर्ने कार्यमा आफ्नो जीवनको एकएक क्षण नष्ट गरिदिन्छन्।

फिलिप्स बुक्सका अनुसार 'जब मानिसलाई यो थाहा हुन्छ कि ऊ केवल आधा जिन्दगी बाँचिरहेको छ, तब ऊ आफ्नो आधा जिन्दगीप्रति सन्तुष्ट हुँदैन, तबसम्म सङ्घर्षशील रहिरहन्छ, जबसम्म उसलाई अर्को आधा जिन्दगी प्राप्त हुँदैन। यसप्रकार खोज्नाले एक दिन अवश्य नै त्यो जरूर आउँछ, जब उसलाई आफ्नो शक्तिको आभास हुन जान्छ र उसले निश्चय गर्दछ कि अब उसले कहिल्यै शक्तिहीन जीवन बिताउने छैन।'

प्रत्येक मानिसभित्र सिंह सुतेको हुन्छ, उसले केवल त्यसलाई जगाउन आवश्यक हुन्छ। जब मानिसलाई आफ्नो शक्ति थाहा हुन्छ, तब उसले भेडाको जस्तो जीवन बिताउन किन बाध्य हुनेछ ? आत्मजागरणका लागि मानिसले आफूलाई राम्ररी नियाल्नु जरूरी हुन्छ। जब ऊभित्रको आत्मा जागृत बन्दछ तब उसको पराक्रम र योग्यता स्वत बढ्न थाल्दछ र उसले आफुले चाहेअनुसार कुनै पनि कार्य गर्न सक्षम हुन्छ। तब ऊभित्रको आलस्यता र निराशा हटेर जान्छ।

वास्तवमा आफ्नो शक्तिको पहिचान गर्नु जीवनको सबैभन्दा कठीन पक्ष हो। मानिसभित्र असीमित शक्ति मौजुद छ, तर ऊ स्वयंलाई असहाय वा दुर्बल सम्झिन्छ। यदि मानिसले स्वयंलाई जान्न सक्यो भने उसले सारा समस्याको हल एक दिनमा नै गर्न सक्दछ।

मानिसले प्राकृतिक गुणको विकासमा जुन अवसर सहायक सिद्ध हुन्छ,



त्यसलाई खोज्नुपर्दछ। यदि कोही युवकलाई सङ्गीतप्रति लगाव छ भने उसले सङ्गीतको शिक्षा लिनु अनिवार्य हुन्छ। यसबाट ऊ एक दिन एक महान् सङ्गीतज्ञ बन्न सक्दछ। कुनै महान लेखकले भनेका छन्, 'मानिसको मस्तिष्क त अहिले वाल्यवस्थामा नै छ। विकासशील छ र जब यो सत्य हो भने भविष्यमा हामी केवल संसारको अनन्त भण्डारलाई मात्र होइन बरू आफ्नो शक्तिको पहिचान पनि गर्न जरूरी छ।'

जब मानिसले आफूलाई चिन्न थाल्दछ, त्यो क्षण नै उसको आश्चर्यजनक क्षण सावित हुन्छ। जब उसलाई आफ्नो दिव्य शक्तिको बारेमा थाहा हुन्छ, तब उसले आफ्नो शरीरमा परमात्माको साक्षात्कारको अनुभव गर्न थाल्दछ। मानिसका लागि त्यस क्षणभन्दा ठूलो कुनै क्षण हुँदैन जबकि उसले आफ्नो शक्तिलाई पहिचान गरेर कार्य गर्न तयार हुन्छ। मानिसले आफूभित्र जति शक्तिको अनुमान लगाउँछ, त्यो भन्दा धेरै गुणा शक्ति ऊभित्र निहित रहेको छ। उसमा धेरै कुरा गर्न सक्ने क्षमता हुन्छ। तर उसले आफ्नो शक्तिलाई चिन्न आवश्यक हुन्छ। आफ्नो शक्तिप्रति सन्देह गर्नु सबैभन्दा ठूलो मूर्खता हुन्छ।

संसारका असफल व्यक्तिहरूको असफलताको कारण यही हो कि उनीहरू आफ्नो शक्तिप्रति सदैव शङ्का गर्दछन्। सन्देहको कारण उनीहरू आफ्नो जीवनको महत्वपूर्ण कार्य गर्नमा असमर्थ हुन्छन्। मानिसले महान् बन्नका लागि आफूभित्रको शक्तिलाई जगाउन आवश्यक छ। यदि हामीले आफ्नो प्रयत्न जारी राखी आत्मविश्वास जगाइराख्दछौं भने हामी अवश्य नै सफल मानिस बन्न सक्षम हुन्छौ। प्रकृतिले हामीलाई महान् बन्ने सबै गुण दिएका छन्। जुन गुण लिङ्कन, ग्ल्याडस्टोन, फिलिप बुक्स आदिमा थियो। हामी परम शक्तिको स्रोतको स्वामी हौं। हामी प्रयत्न गर्दछौं भने यसको अंश मात्र होइन, बरू यसको अङ्ग नै बन्न सक्नेछौं। यसमा दुईमत छैन।

विलियम जेम्सको भनाइअनुसार- 'हामीमध्ये प्रत्येकमा यस्तो शक्ति छ, जसको हामी कल्पना पनि गर्न सक्दैनौं। वैज्ञानिकले त्यस प्रकारको एक्सरेको विकास गऱ्यो, जसले मानिसको भित्र शक्तिको प्रदर्शन गर्न सक्दछ भने हामीलाई आफ्नो शक्तिमा स्वत: विश्वास हुनेछ। मानिसले आफ्नो शक्तिको अनुमान कहिल्यै गरेन। यदि उसलाई अनुमान भयो भने उसले भन्नेछ कि उल्लेखनीय सफलताको खुबी त अरू कसैको हुन सक्दछ, जसले यसमा विशेषता प्राप्त गरेको छ, मभित्र कसरी हुन सक्छ, म त अत्यन्त साधारण मानिस हुँ।'

मानिस संसारमा आफ्नो गरिमामय स्वरूपलाई भुलेर यस्तो व्यवहार गर्न थाल्दछ, मानौ उसको स्वरूप यस संसारमा नगन्य छ। तर यस्तो एक दिन त अवश्य आउनैपर्दछ, जब उसलाई आफ्नो महत्व थाहा होस्। र, उसले आफ्नो प्रयासले जीवनको उच्च शिखरमा पुग्ने प्रयत्न गर्न आरम्भ गरोस्। ऊभित्र रहेको महान् शक्तिलाई पहिचान गर्ने र त्यसलाई कसरी उपयोग गर्ने भन्ने एक विकट समस्या हो। जीवनमा सफलता या असफलता यो कुरामा निर्भर गर्दछ कि हामीसित त्यसका लागि के के साधन थियो र यो पनि महत्वपूर्ण छ कि हामीले आफ्नो सम्भावनालाई कार्यरूप दिने कस्तो प्रयत्न गऱ्यौं ?

आजको जीवनदर्शन पनि यही नै हो कि कुनै बाहिरी शक्तिमा भरोसा गर्नुपूर्व तपाई आफ्नो भित्री शक्तिमा भरोसा गर्नुहोस्। यदि आफ्नो इच्छा, आकांक्षा र कामनालाई पूर्ति गर्न चाहनुहुन्छ, संसारमा यदि महान् मानिसको पक्तिमा आफ्नो नाम दर्ता गराउन चाहनुहुन्छ भने केवल एकै कुरामा ध्यान दिनुहोस् - त्यो हो आफूलाई नै साक्षात्कार गर्नु।

यस संसारमा भगवानले कसैलाई व्यर्थ पैदा गरेका छैनन्। प्रत्येक कुरा, प्रत्येक वस्तु, प्रत्येक जीवजन्तुको केही न केही महत्व हुन्छ नै। अरू प्राणीभन्दा मानव सर्वश्रेष्ठ छ। ऊ बुद्धिमान छ, विवेकशील छ। मानिसमा जुन प्राकृतिक गुण छ, उसले त्यसलाई विकसित गर्ने प्रयासमा लागिरहनुपर्दछ। जो प्रयास गर्दैन, ऊ अगाडि बढ्न सक्दैन।

मानिसले आफुभित्रको शक्तिलाई बेलैमा चिन्न सक्ने हो भने धेरै कुराहरू गर्न सक्दछ। प्रत्येक व्यक्तिमा धेरै उन्नति गर्न सक्नै क्षमता हुन्छ। यसैका लागि मानिस अगाडि बढिरहेको छ। उसको उन्नतिको सबैभन्दा ठूलो रहष्य उसको आत्मनियन्त्रण शक्ति नै हो। आफ्नो यसै शक्तिको तागतले उसले लगातार अदभूत कार्य गरिरहेको छ। धेरै मानिसहरू आफ्नो जीवनमा महान् उन्नति गरिरहेका छन्। मानिसको साथमा एउटा यस्तो शक्ति रहेको छ, त्यो हो आत्मनिर्णय र आत्मनियन्त्रण क्षमता। यहि शक्तिका कारण मानिसले समस्त प्रकृतिलाई वशमा राख्न सफल भएको छ र लगातार अन्य सबै शक्तिमाथि अधिकार जमाउन सकेको छ। त्यस व्यक्तिलाई सबै कुरा प्राप्त हुन्छ जसले आफुमा भएको शक्तिलाई चिन्न सक्दछ। मानिस मात्र विश्वमा आत्म नियन्त्रण गर्न सक्ने क्षमता भएका प्राणी हो जुन गुण अन्य प्राणीमा छैन। मानिसभित्र रहेको शक्ति कै कारण उसले आफ्नो मनलाई वशमा राख्न सक्दछ भने त्यसमाथि नियन्त्रण गर्न थाल्दछ। (दीपेन्द्र शाहद्वारा पुस्तकबाट अनुवादित )

# एनआरएनए जापानमा चुनावी सरगर्मी बढ्यो, निर्वाचन समिति गठन

❑ **नेस संवाददाता**

टोकियो – एनआरएनए जापानको अधिवेशन आगामी जुलाई २० तारिख आइतबार हुने भएको छ । अधिवेशन नजिकिदैं गर्दा आगामी नेतृत्वका दाबेदार हरूको सक्रियता एकाएक बढेको छ ।

एनआरएन जापानका प्रवक्ता खगराज गौतमका अनुसार आगामी अधिवेशन पश्चात नयाँ कार्यसमिति गठन प्रक्रियाका लागि एनआरएन जापानले वरिष्ठ पत्रकार तिलक मल्लको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति निर्माण गरेको छ । उक्त समितिमा भूपिगोविन्द श्रेष्ठ र केशर गिरी सदस्य रहनुभएको छ । संभवत अधिवेशन लगत्तै अर्को हप्ता अर्थात जुलाई २७ मा निर्वाचन सम्पन्न गर्ने गरी तयारी गरिने प्रवक्ता गौतमले जानकारी दिनुभयो । यसैगरी यहि जून २९ तारिख आइतबारका दिन एनआरएन जापानका १२ वटै क्षेत्रमा क्षेत्रीय अधिवेशनहरू सम्पन्न गर्ने कार्यक्रम रहेको महासचिव टिकाराम खरेलले जानकारी दिनुभयो । उहाँका अनुसार क्षेत्रीय अधिवेशन सकिएसंगै केन्द्रको अधिवेशनका लागि आवश्यक तैयारीहरू थालिने भएको छ ।

एनआरएन जापानको आगामी नेतृत्वका लागि हालका उपाध्यक्षत्रय सचिन श्रेष्ठ, सुभाष लामिछाने र सिद्धार्थ श्रेष्ठ आ-आफ्नो पक्षमा माहौल बनाउने कसरतमा होमिई सक्नुभएको छ । गत पटक उपाध्यक्षको निर्वाचनमा पहिलो, दोस्रो र तेस्रो मत लिएर विजयी भएका श्रेष्ठ, लामिछाने र श्रेष्ठ पुनः अध्यक्ष पदका लागि भिड्ने लगभग पक्कापक्की जस्तै देखिन्छ । छिमेकका जिल्लाहरू क्रमशः म्याग्दी, पर्वत र बागलुङका यी तीन अनुहारका सामु जापानबासी नेपालीहरूको बीचमा परिक्षित भई आफुलाई अब्बल साबित गर्नुपर्ने चुनौती छ । उसो त उम्मेदवारी दर्ता गर्ने आधिकारिक तिथिमितिसम्म अरू दावेदारहरू पनि थपिन सक्ने संभावना जिवितै छ । यसैगरी महासचिवमा हालका प्रवक्ता खगराज गौतम र गतपटक महासचिवमा पराजित श्याम शितलको चर्चा छ । यी दुबैको आधारक्षेत्र हाल नागोया रहेको छ ।

एनआरएनएको धुरीमा चुलिएको विवादको बाछिटा र ध्रुबिकरणको असर एनसीसी जापानको निर्वाचनमा पनि पर्नसक्ने स्पष्ट संकेतहरू देखिन थालेका छन् । बद्रि केसी भर्सेस महेशकुमार श्रेष्ठका रूपमा देखिएको केन्द्रको विवाद र पक्षधरताका आधारमा कित्ता क्लियर गरेर उम्मेदवारहरू मैदानमा उत्रिन सक्ने र सोहीअनुसार मत विभाजन हुनसक्ने आंकलन सबैतिरबाट गर्न थालिएको छ ।

# टोकियोमा दुई दिने तीज फेस्टिवल हुने

❑ **नेस संवाददाता**

टोकियो – नेपालीहरूको सामाजिक र साँस्कृतिक पर्वकारूपमा देशविदेशमा समेत हर्षोल्लासका साथ मनाईने हरितालिका तीजको अवसरमा टोकियोको मुटु शिनओकुबोमा दुई दिवसीय तीज फेस्टिवल हुने भएको छ ।

आगामी अगष्टको २३ तारिख शनिबार र २४ तारिख आइतबार दुई दिन उक्त तीज फेस्टिवल हुने बताईएको छ । यो वर्षको तीज अगष्ट २६ मा परेको छ भने २५ तारिख दरखाने रहेको छ ।

जापानमा अढाई दशकभन्दा लामो सूचना र सञ्चार सेवाको यात्रामा नेपाली समुदायबीच चिरपरिचित मिडिया कम्पनी जिएमटी इन्टरनेशनलले अब इन्टर्टेन्टमेन्ट र मोटिभेशनल गतिविधिसंग सम्बन्धित इभेन्ट म्यानेजमेन्ट पनि गर्ने नीति लिएअनुसार नेपाली नारीहरूको महान पर्व तीजको अवसरमा तीज फेस्टिवलको आयोजना गर्न लागिएको वरिष्ठ पत्रकार समेत रहेका कम्पनीका अध्यक्ष तिलक मल्लले जानकारी दिनुभयो ।

जापानमा सबैभन्दा बाक्लो नेपालीहरूको उपस्थिति र गतिविधि हुने मिनी नेपाल भनेर चिनिने शिनओकुबो र ताकादानोबाबा स्टेशनको बीचमा रहेको बहुचर्चित मानिने तोयामा पार्कमा उक्त फेस्टिवल हुने मल्लले बताउनुभयो । स्थानीय जापानी समुदायको प्रत्यक्ष सहकार्यमा हुने उक्त फेस्टिवलको तैयारीलाई तीब्र पारिएको बताईएको छ । नेपाल र जापानबीच रहीआएको असल सम्बन्ध र आयामहरूलाई जनस्तरसम्म बिस्तार गर्दै साँस्कृतिक तथा सामाजिक सद्भावको आदान प्रदान गर्ने उद्देश्यले उक्त फेस्टिवल गर्न लागिएको मल्लको दावी छ ।

# नेफिन जापानको अध्यक्षमा श्री गुरूङ

❑ **नेस संवाददाता**

टोकियो – नेपाल आदिबासी जनजाति महासंघ (नेफिन) जापानको १९ औं महाधिवेशन हालै सम्पन्न भएको छ । उक्त महाधिवेशनले श्री गुरूङको अध्यक्षतामा सर्बसम्मत नयाँ कार्यसमिति गठन गरेको छ ।

नवगठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा बुद्धि गौचन चयन हुनुभएको छ भने अन्य उपाध्यक्षहरूमा थानु राना मगर, पासाङ रिञ्जी शेर्पा, विनोद तामाङ, रणबहादुर लिम्बु (शिशिर निङ्लेकु) र राजनकुमार श्रेष्ठ चयन हुनुभएको निर्वाचन समितिले जानकारी गराएको छ ।

यसैगरी महासचिवमा बालबिक्रम तिगेला, सचिवहरूमा टेकन गुरूङ, कमल मगर र प्रमिला गौचन डंगोल चयन हुनुभएको छ भने कोषाध्यक्षमा सारा श्रेष्ठ र प्रवक्तामा बिष्णुकुमार आङ्देम्बे चयन हुनुभएको छ ।

यसैगरी सदस्यहरूमा अरमान गुरूङ, याङ्जी शेर्पालाई चयन गरिएको छ भने बाँकी सदस्यहरू नवगठित कार्यसमितिका पहिलो बैठकले मनोनित गरिने भएको छ । महासंघका अध्यक्ष हवलचन्द्र लामाको सभापतित्व र एनआरएन जापानका अध्यक्ष नबिन निउरेको प्रमुख आतिथ्यतामा भएको सो महाधिवेशनमा उपस्थित अतिथिहरूले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिनुका साथै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभएको थियो । महाधिवेशनको बन्दसत्रले महासचिव प्रमिला राईद्वारा प्रस्तुत कार्यप्रगति प्रतिवेदन र कोषाध्यक्ष द्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरेको थियो ।



संयोजक सुमन लिम्बु, सदस्य-सचिब गेलु शेर्पा र सदस्य बिजय थकाली रहेको निर्वाचन समितिले आगामी दुई वर्ष कार्यकालका लागि सर्बसम्मत कार्यसमिति गठन प्रक्रिया सम्पन्न गरेको हो ।

समारोहमा बोल्दै नवनिर्वाचित अध्यक्ष श्री गुरूङले तमु धीं जापान र गुरूङ समाज जापानबीच विद्यमान अन्यौलतालाई छिटोभन्दा छिटो समाधान गरी एक ढिक्का बनाई महासंघ जापानलाई अझ बलियो र सशक्त बनाएर लैजाने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो ।

महाधिवेशन समारोहलाई समापन गर्दै सभाध्यक्ष हवलचन्द्र लामाले विशेष परिस्थितिवश छोटो समयका लागि आफुले महासंघको नेतृत्व सम्हाल्ने अवसर पाएको र यो अवधिमा महासंघको विरासतलाई अझ उच्च बनाउने कार्यमा संभवभएसम्मका भरमग्दुर प्रयास गरिएको बताउनुभयो ।

# चलचित्र 'जहाजैमा' घोषणा, जापान खिचिने

❑ **नेस संवाददाता**

काठमाडौं – निर्देशक कृषा चौलागाईंको निर्देशनमा 'जहाजैमा' बन्ने भएको छ । हालै कृषाले जापानमा यूएनए प्रोडक्सनको ब्यानरसँग सहकार्य तय गरेकी हुन् । निर्माण टिमले फिल्मको थिम पोस्टरसमेत सार्वजनिक गरेको छ, जहाँ एक पात्र जहाजतर्फ अगाडि बढिरहेको देखिन्छ ।

उज्ज्वल गुरागाईंको निर्माणमा तयार हुने यो फिल्मलाई पुरूषोत्तम प्रधानले खिच्नेछन् । यसअघि पुरूषोत्तमले नै कृषाको 'ऐंचो पैंचो' र 'पिताम्बर' खिचेका थिए । सन् २०२६ मा प्रदर्शन गर्ने तयारी रहेको यो फिल्म भदौबाट छायाङ्कन गरिनेछ । नेपाल, जापान र फिलिपिन्समा फिल्म खिचिनेछ । कृषा यो फिल्म लगत्तै 'पिताम्बर २' को निर्देशनमा लाग्नेछिन् । फिल्ममा को-को कलाकार आबद्ध छन् भन्ने खुलाइएको छैन ।

Restaurants, Food Services & Hotels

टोकियोकै एक नम्बर

Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।

सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा

DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977

www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल

Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल

Cambridge Assessment International Education
Cambridge International School



YOUR CHILD DESERVES BEST EDUCATION

हाम्रा विशेषताहरु

१. छात्रवृत्तिको ब्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरु द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको निःशुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरुका विश्वविद्यालय भर्नाका लागि निःशुल्क परामर्श सेवा
६. असल संस्कारयुक्त उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग

"HIGH GOALS FOR BETTER EDUCATION"

Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

जापानी भिसा आवेदनका लागि हामीलाई सम्झनुहोला

हाम्रा सुविधाहरु

◈ एइजुकेन (पर्मानेन्ट रेसिडेन्ट)
◈ वर्किङ भिसा
◈ जापानी पासपोर्ट (किस्का)
◈ परिवारका सदस्य बोलाउन
◈ अन्तर्राष्ट्रिय विवाह भिसा

Scan for website



Aikyo Immigration Lawyer Office | あいきょう行政書士事務所
〒273-0002千葉県船橋市東船橋４丁目３０番地８号サンビレッジ２０７号室
#207 4-30-8 Higashi-Funabashi, Funabashi, Chiba 273-0002
Tel: 047-409-8028, Mobile: 070-3977-8316, Fax: 047-409-2078

GMT international

DOCUMENT TRANSLATE गर्नुपर्ने छ ?

CALL NOW!
080-4150-5314

OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# बनेकै घर किन्ने कि, जग्गा किनेर आफै घर बनाउने ?

❑ नेस संवाददाता

टोकियो – बनेकै घर किन्ने कि, जग्गा किनेर आफै घर बनाउने यो विषयले धेरैलाई अन्यौल बनाएको हुन्छ । हुन त यो विषय बजेट, समय र प्राथमिकतामा भर पर्ने कुरो पनि हो ।

अझै विदेशमा बस्नेहरूका लागि काठमाडौं, पोखरा, बुटवल, भैरहवा, नाराणगढ जस्ता सहरमा एउटा राम्रो घर होस् भन्ने धेरैको चाहना हुन्छ र उनीहरू जिन्दगीभरिको कमाई लगाएर भएता पनि एउटा राम्रो घर होस् भन्ने सपना मनभरि सजाउँदै विदेशमा दशकौंदेखि संघर्ष गरिरहेका हुन्छन् । जानकारहरू भन्छन् बनेकै घर किन्नु भनेको 'एरेञ्ज म्यारिज' जस्तै हो र जग्गा किनेर आफैले घर बनाउनु भनेको 'लभ म्यारिज' जस्तै हो । त्यसैले सकेसम्म जग्गा किनेर आफै घर बनाउनु राम्रो हुने जानकारहरू सल्लाह त दिन्छन् तर घर बनाउनका लागि आफुसंग समय नहुने र घर निर्माणका बारेमा सामान्य जानकारी पनि नहुनेहरूका लागि भने सोच्नैपर्ने हुन्छ र बनेकै घर किन्नुको विकल्प हुँदैन । त्यसैले टाइम सेभ गर्ने हो र रियल स्टेटको ज्ञान छैन भने बनेकै नयाँ घर किन्दा उपयुक्त हुन्छ । तथापि बुझ्नैपर्ने कुरो के हो भने बनेको नयाँ घर किन्नु भनेको गाडि किनेजस्तै हो । त्यसलाई बेच्नुपर्ने भयो भने परल मूल्यभन्दा निकै सस्तोमा बेच्नुपर्ने हुन्छ ।

# विकास उकालो, मान्छे ओरालो, रित्तिँदैछन् गाउँघर

❑ नेस संवाददाता

काठमाडौं – हिजो गाउँमा सडक, स्वास्थ्य र शिक्षाको अभावमा अवसर खोज्दै मानिस सहर पस्थे । आज तिनै पूर्वाधार गाउँको आँगनमै आइपुग्दा, मानिसको मन भने झन् सहरतिरै तानिएको छ । विकास गाउँतिर उकालो चढ्दै गर्दा, गाउँका बासिन्दा भने बसाइँसराइको ओरालो झर्ने क्रम रोकिएको छैन । यो विरोधाभासपूर्ण यथार्थले आज नेपालका अधिकांश पहाडी गाउँहरूलाई उजाड बनाइरहेको छ ।


गाउँका टोलबस्तीमा मोटरबाटोको सञ्जाल बिछ्याइएको छ, घरघरमा बिजुली र खानेपानीको पहुँच छ, र पालिकास्तरमै सुविधासम्पन्न अस्पताल बन्दैछन् । तर, यी सुविधाहरूले मानिसलाई गाउँमै अड्याउन सकेको छैन । कृषियोग्य जमिन बाँझिएका छन्, घरका ढोकाहरूमा भोटेताल्चा झुन्डिएका छन्, र केही घरमा भेटिने वृद्धवृद्धाको आँखाले रित्तो गाउँको पीडा बोलिरहेको छ ।

यो दुःखद यथार्थको जीवन्त उदाहरण बनेको छ, गुल्मीको कालीगण्डकी गाउँपालिका । राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर कालोपत्रे हुँदैछ, तर गाउँपालिकाका बासिन्दाको बसाइँसराइको तथ्याङ्कले विकासको यो चमकलाई फिका बनाइदिएको छ ।

गाउँपालिकाको तथ्याङ्क अनुसार, गत आर्थिक वर्षमा मात्रै १ सय ५६ परिवारका ५ सय ४६ जनाले गाउँ छाडे । यसको ठीक विपरीत, जम्मा ६ परिवार मात्रै गाउँमा बसाइँ सरेर आए । यो क्रम चालु आर्थिक वर्षमा पनि रोकिएको छैन । हालसम्म ९१ परिवारका ३ सय ४८ जनाले गाउँ छाडिसकेका छन्, जबकि गाउँ भित्रिनेको संख्या केवल आठ परिवार छ । 'गाउँमा विकासका कुनै कमी छैनन्, तर बसाइँसराइ रोक्न सकिएन,' गाउँपालिका अध्यक्ष वेदबहादुर थापाले भने, 'प्रत्येक टोलमा सडक, खानेपानी, बिजुली, स्वास्थ्य र शिक्षाको सुविधा पुग्दा पनि मानिसले गाउँ छाड्न छोडेनन् ।'

यो समस्याको जड पूर्वाधारको अभाव नभई, अवसर र आयआर्जनको कमी हो भन्ने बुझेर गाउँपालिकाले अब आफ्नो रणनीति बदलेको छ । बसाइँसराइ रोक्न र बाँझो जमिनलाई हराभरा बनाउन पालिकाले व्यावसायिक कृषि र पशुपालनलाई प्राथमिकतामा राखेको छ ।

# रेमिट्यान्सले फेरि कीर्तिमान, वैशाखमा मात्रै १ खर्ब ६५ अर्ब




❑ नेस संवाददाता

काठमाडौं – चालु आर्थिक वर्षको दश महिनासम्म मुलुकमा रेमिट्यान्समार्फत १३ खर्ब ५६ अर्ब ६१ करोड रूपैयाँ भित्रिएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो १३ दशमलव ९ प्रतिशतले बढेको हो ।

वैशाखमा मात्रै १ खर्ब ६५ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएर मासिक आप्रवाहमा नयाँ कीर्तिमान कायम भएको छ । यो कीर्तिमानी वृद्धिको पछाडि वैदेशिक रोजगारीमा जाने युवाको बढ्दो लर्को प्रमुख कारण हो । गएको १० महिनामा मात्रै करिब ७ लाख युवाले श्रम स्वीकृति लिएका छन्, जसले देशको उत्पादनशील जनशक्ति बाहिरिइरहेको तीतो यथार्थलाई उजागर गर्छ । यही रेमिट्यान्सको बलमा देशको शोधनान्तर स्थिति ४ खर्ब ३८ अर्बले बचतमा छ भने विदेशी मुद्रा सञ्चिति २५ खर्ब नाघेर कीर्तिमानी उचाइमा पुगेको छ, जसले १४ महिनाभन्दा बढीको वस्तु तथा सेवा आयात धान्न सक्छ । तर, अर्थविद्हरूले रेमिट्यान्सको आँकडामा मात्रै रमाएर सरकार 'आत्मरति' मा लिप्त हुन नहुने चेतावनी दिएका छन् । उनीहरूका अनुसार, यो बाह्य क्षेत्रको सुधार नेपालको नीतिगत सफलताले नभई विदेशी अर्थतन्त्रको चलायमान अवस्थाले मात्र सम्भव भएको हो ।

देशभित्रको अवस्था भने ठीक उल्टो छ । बजारमा माग नहुँदा मूल्यवृद्धिदर घट्दो छ, बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तार सुस्त छ, र तीनै तहका सरकारको करिब ३ खर्ब ६० अर्ब रूपैयाँ खर्च हुन नसकेर राष्ट्र बैंकमा थन्किएको छ । यी सबै सूचकले अर्थतन्त्र चलायमान हुन नसकेको र नागरिकको हातमा पैसा नभएको स्पष्ट संकेत गर्छन् ।

# इयुको 'ग्रे लिस्ट' मा नेपाल पनि

❑ नेस संवाददाता

काठमाडौं – नेपालको वित्तीय प्रणालीको कमजोर अनुगमन र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणमा देखिएको उदासीनताले देशलाई अन्तर्राष्ट्रिय मञ्चमा गम्भीर धक्का लागेको छ । युरोपेली संघ (इयु) ले नेपाललाई वित्तीय अपराधको 'उच्च जोखिमयुक्त' मुलुकहरूको सूचीमा समावेश गरेको हो ।

यो सूचीले फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले गत फेब्रुअरीमा नेपाललाई 'ग्रे लिस्ट' (नजरबन्द सूची) मा राख्ने निर्णयलाई थप बल पुऱ्याएको छ । इयुको यो कदमसँगै अब युरोपेली बैंक तथा वित्तीय संस्थाहरूले नेपालसँग हुने हरेक वित्तीय कारोबारलाई कडा निगरानीमा राख्नेछन् । यो सूचीमा नेपालसँगै अल्जेरिया, केन्या र लाओससहित अन्य नौ मुलुक थपिएका छन् भने संयुक्त अरब इमिरेट्स (युएई) लाई सूचीबाट हटाइएको छ ।

इयुको यो सूचीमा पर्नु भनेको नेपालको वित्तीय सुशासनमाथि अन्तर्राष्ट्रिय समुदायले गम्भीर प्रश्न उठाएको हो । यसले नेपालमा वित्तीय अपराध नियन्त्रण गर्ने संयन्त्रहरू कमजोर र प्रभावहीन रहेको सन्देश दिन्छ । यद्यपि यसले प्रत्यक्ष रूपमा लगानीमा प्रतिबन्ध लगाउँदैन, तर अन्तर्राष्ट्रिय लगानीकर्ता र बैंकहरूका लागि यो एक 'खतराको घण्टी' हो । विज्ञहरूका अनुसार, यस्तो सूचीमा परेका देशहरूमा ठूला र विश्वसनीय लगानीकर्ताहरू लगानी गर्न हिच्किचाउँछन् ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरूकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।



Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट
BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
Since 2017
届出自動車教習所
PRABHU DRIVING School Japan
जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।



DISCOUNT 10% ON DRIVING FEE
TikTok facebook
MORE INFO.
03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# मानव विकास सूचकाङ्कमा उक्लियो नेपाल

❑ नेस संवाददाता

काठमाडौं – मानव विकास सूचकाङ्क (एचडीआई) मा नेपालले यस वर्ष एक स्थानको झिनो प्रगति गरेको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) द्वारा सार्वजनिक पछिल्लो प्रतिवेदन अनुसार, नेपाल विश्वका १ सय ९३ देशमध्ये १ सय ४५ औं स्थानमा आइपुगेको छ, जुन गत वर्षको तुलनामा एक स्थान माथि हो ।

यो प्रगतिलाई औसत आयुमा भएको वृद्धि (७० दशमलव ४ वर्ष) र शिक्षा तथा आयमा भएको सामान्य सुधारले टेवा दिएको देखिन्छ । तर, प्रतिवेदनले गरिबी घट्दै गए पनि धनी र गरिबबीचको खाडल झनै फराकिलो बन्दै गएको कटु सत्यलाई उजागर गरेको छ । सूचकाङ्कमा भएको एक स्थानको सुधारमा चित्त बुझाउने ठाउँ देखिँदैन, किनकि दक्षिण एसियाली छिमेकीहरूको तुलनामा नेपाल अझै पछाडि नै छ । श्रीलंका (८९ औं), माल्दिभ्स (९३ औं), भुटान (१२५ औं) तथा भारत र बंगलादेश (समान १३० औं) स्थानमा रहँदा नेपालको यो स्थितिले हाम्रो विकासको गति कति सुस्त देखाउँछ । कोभिड–१९ महामारीले थलिएको विकासको गतिले अझै लय समात्न नसकेको प्रतिवेदनको निष्कर्ष छ ।

# एक सातामै थलियो राजावादी आन्दोलन

❑ नेस संवाददाता



काठमाडौं – राजसंस्था र हिन्दू अधिराज्य पुनःस्थापनाका लागि 'निर्णायक' भन्दै जेठ १५ गतेदेखि शुरू भएको राजावादीहरूको काठमाडौं केन्द्रीत आन्दोलन एक साता पनि टिक्न सकेन । अनिश्चितकालीन भनिएको आन्दोलन पाँच दिनमै तितरबितर भएपछि यसको औचित्य र शक्तिका विषयमा गम्भीर प्रश्न उठेको छ । आन्दोलन रोकिनुको कारणबारे राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले 'वर्षा लागेको' बहाना बनाए पनि विश्लेषकहरू यसलाई पत्याउँदैनन् । उनीहरूका अनुसार, घट्दो जनसहभागिता, आन्तरिक कलह र नेतृत्वको अभाव नै आन्दोलन तुहिनुको मुख्य कारण हो । 'बर्खा त बहाना मात्रै हो, मान्छेहरू नआएपछि आन्दोलन रोकिएको हो,' राजनीतिक विश्लेषक इन्दु अधिकारी भन्छिन्, 'कति दिन मान्छे बोकेर ल्याउने ? यो धेरै दिन टिक्ने आन्दोलन नै थिएन ।'

विश्लेषकहरूका अनुसार, राजावादी शक्तिहरूले गणतन्त्रवादी दलहरूप्रतिको जनअसन्तोषलाई राजसंस्थाप्रतिको समर्थन ठानेर ठूलो भूल गरे । आन्दोलनमा सहभागी अधिकांश व्यक्तिहरू व्यवस्थाप्रति असन्तुष्टि पोख्न आएका थिए, राजसंस्था फर्काउने अठोटका साथ होइन । आन्दोलन हाँक्ने निश्चित नेतृत्वको अभाव र ४५ वटा समूहबीचको श्रेय लिने होडबाजीले पनि यसलाई कमजोर बनाएको कतिपयको बुझाई छ । पूर्वराजा ज्ञानेन्द्र शाहको अस्थिर रणनीति र फरक–फरक व्यक्तिलाई च्याप्ने प्रवृत्तिका कारण पनि राजावादी शक्तिहरू एकजुट हुन नसकेको विश्लेषकहरूको ठम्याइ छ । 'भुइँको टिप्दा पोल्टाको पनि खस्ने परिस्थिति देखेर उनीहरू पछि हटेका हुन्,' अधिकारी थप्छिन् ।

केही नेताहरूले आन्दोलनलाई सशक्त बनाउन 'रणनीतिक रूपमा' रोकिएको दाबी गरे पनि कमजोर जनमत र छरिएको नेतृत्वका कारण राजावादीहरूको 'निर्णायक' भनिएको प्रयास सुरुमै विफल भएको स्पष्ट देखिन्छ । यसअघि राजावादी आन्दोलनको नेतृत्व लिएका जगमान गुरूङले त असारसम्ममा राजा फर्काउने भनेर भविष्यवाणी नै गरेका थिए । तर पछिल्लो समय उनी सार्वजनिक रूपमा देखिएका–सुनिएका छैन ।

# सत्ता छाडेपछि सादगी



❑ नेस संवाददाता

काठमाडौं – यतिबेला प्रदेशहरूमा बजेटको चटारो छ । राजधानीका होटलहरू योजना माग्नेहरूको भीडले भरिभराउ छन् । तर, यही कोलाहलबाट बेखबर, सुदूरपश्चिमका संस्थापक मुख्यमन्त्री त्रिलोचन भट्ट धनगढीको एक किराना पसलमा ग्राहकलाई सामान जोख्दै गरेको अवस्थामा भेटिए । अहिले उनी आफ्नै छोराले चलाएको 'न्यु प्रस्थान किराना पसल' मा दिन बिताउँछन् ।

बिहानको 'मर्निङ वाक' पछि उनको दिन पसलकै हिसाबकिताब र ग्राहकको स्वागतमा बित्छ । 'मुख्यमन्त्री पद सकिएपछि बेरोजगार जस्तै भएँ, सानोतिनो व्यापार गरेर दैनिक खर्च चलाउन र छोरालाई पनि बानी पार्न पसल खोलें,' उनी भन्छन् । करिब चार लाखको सानो लगानीमा सुरू भएको यो पसल उनको सादगी र इमानदारीको प्रतीक बनेको छ ।

२०७४ फागुनदेखि २०७९ पुससम्म, पूरै पाँच वर्ष कार्यकाल मुख्यमन्त्री बनेका भट्टले आफ्नो कार्यकालमा जम्मा १५ लाख रूपैयाँ बचत गरेको बताउँछन् । 'भ्रष्टाचार नगर्ने हो भने सरकारी तलबले घरखर्च चलाएर सम्पत्ति जोड्न सकिँदैन,' उनी भन्छन्, 'मेरो तराईमा घरजग्गा छैन, डोटीको पुर्ख्यौली घरबाहेक केही छैन ।'

एक समय मुख्यमन्त्रीको अढाई करोडको फर्च्युनर गाडीमा सवार हुने भट्ट अहिले सार्वजनिक यातायातमा यात्रा गर्छन्, उनीसँग आफ्नो मोटरसाइकलसमेत छैन । 'म पदबाट हटेपछि सामान्य नागरिक हुन्छु भन्नेमा मानसिक रूपमा तयार थिएँ, त्यसैले अहिले कुनै असहज लाग्दैन,' उनले भने ।

अहिलेको बजेट प्रक्रियामा उनको कुनै चासो छैन । कोही योजनाका लागि भनिदिन आग्रह गर्न आए पनि उनी भन्छन्, 'मलाई यो सरकारप्रति कुनै आशा छैन, आफ्नै तरिकाले प्रयास गर्नुस् ।'

# जापानको माथिल्लो सदनको निर्वाचन जुलाई २० मा हुने

❑ नेस संवाददाता

टोकियो – प्रधानमन्त्री शिगेरू इसिबाले हालको संसदीय अधिवेशन लम्ब्याउने निर्णय नगरेपछि जापानको आउँदो माथिल्लो सदनको निर्वाचन जुलाई २० मा तय गरिएको आसाही पत्रिकाले जनाएको छ ।

आसाहीका अनुसार इसिबासंग वर्तमान अधिवेशनको अवधिभर तल्लो सदन विघटन गर्ने कुनै योजना छैन, किनभने प्रमुख विपक्षी पार्टीले उनको मन्त्रिपरिषद् विरूद्ध अविश्वास प्रस्ताव ल्याउने सम्भावना कम देखिन्छ । यो अधिवेशन जुन २२ सम्म चल्ने छ । त्यस अनुसार निर्वाचन प्रचार जुलाई ३ बाट सुरू हुने छ । यो मतदान इसिबा प्रशासनको निरन्तरताका लागि महत्वपूर्ण मानिएको छ, किनभने उनको नेतृत्वमा रहेको सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) र साझेदार कोमेतो अक्टोबरमा भएको आकस्मिक निर्वाचनमा तल्लो सदनमा बहुमत गुमाएका थिए । यो निर्वाचन इसिबाले पदभार सम्हाले लगत्तै आह्वान गरेका थिए ।

## सरसफाई गर्ने पार्टटाइमर चाहियो

### लामो अवधि

- समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)
- पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)
- यातायात: दैनिक ५ सय येनसम्म
- आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता

### छोटो अवधि

- आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म
- समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)
- पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)
- अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक
- गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन (कामको अनुभव नभए पनि हुने)

**Langate Co., Ltd.**
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865

050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)

## तोकुतेइ गिनोउ भिसामा जापानमा रोजगारीको अवसर

जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार – SSW) भिसामा नि:शुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

### आधारभूत जानकारी

- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

**GMT INTERNATIONAL CO., LTD.**
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

## BIPASNA NEPALI PASAL

Wholesale and Retail Fancy Shop

विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।

Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!

## 'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने,कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।

सम्पर्क

おがわ事務所

(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।

We Accept Payment Through
PayPay

भिसा सम्बन्धि सम्पूर्ण कामका लागि

OGAWA JIMUSYO

Visit Our Website

# पर्यटक तान्ने मार्फाको चुम्बकीय शक्ति



❑ नेस संवाददाता

काठमाडौं – सागर छुन आतुर कालीगण्डकीको किनार, पृष्ठभूमिमा धौलागिरि र नीलगिरिको हिउँको चमक र त्यही हिमालको काखमा गुजुमुज्ज परेर बसेको एउटा जीवन्त संग्रहालय – मार्फा । ढुङ्गैढुङ्गाले बनेका घर, तिनका समथर छतमा कलात्मक ढंगले मिलाएर राखिएका दाउराका चाङ, र बस्तीको शिरमा रहेको सम्तेन छोलिङ गुम्बाको शान्त उपस्थिति । यो कुनै काल्पनिक स्वर्गको वर्णन होइन, बरू हिमालपारिको जिल्ला मुस्ताङको त्यो जादुयी यथार्थ हो, जसले पर्यटकको मनमा अमिट छाप छोड्छ ।

आधुनिकताको होडमा अग्ला टावर र कृत्रिम संरचना देखाएर पर्यटक तान्ने विश्वका कैयन् सहरभन्दा मार्फाको मौलिक सुन्दरता कैयन् गुणा शक्तिशाली छ । थकाली समुदायको उद्गम थलो मानिने यो गाउँ आफैमा एउटा सम्पदा हो । 'हाम्रो परम्परागत वास्तुकला नै पर्यटक तान्ने चुम्बक हो,' घरपझोङ गाउँपालिका-२, मार्फाका वडा अध्यक्ष मानबहादुर हिराचन भन्छन्, 'यसको मौलिकता जोगाउन हामी प्रतिबद्ध छौं ।'

मार्फाको आकर्षण केवल आँखाले हेरेर मात्र सकिँदैन, यो त अनुभव गर्ने विषय हो । लहरै जोडिएका एकै ढाँचाका घर र साँघुरा गल्लीहरूले काठमाडौंको असनको झल्को दिन्छ । तर यहाँको हावामा स्याउ र स्थानीय जडीबुटीको मिठो बास्ना घोलिएको छ । थकाली समुदायको न्यानो आतिथ्य, जिब्रोमै झुन्डिने मुस्ताङी आलुको स्वाद, स्याउको सुकुटी र विश्वप्रसिद्ध 'मार्फा वाइन' को मातमा यहाँ पुग्ने जो कोही लट्ठिन्छन् ।

# एकादेशको कथा बन्दै हुलाक

❑ नेस संवाददाता

काठमाडौं – एक हातमा 'घमौरा जडित भाला', जसको 'छन् छन्' आवाजले भीड छिचोल्दै बाटो बनाउँथ्यो । अर्को हातमा आफन्तका आशा, सपना र सन्देश बोकेको चिठीपत्रको झोला । कुनै बेला गाउँघरमा हुलाकीको यो तस्बिर आफैमा एक सुखद सन्देश थियो । हुलाकी केवल चिठीपत्र बोक्ने व्यक्ति थिएनन्, उनी निरक्षरका लागि आँखा र टाढा भएका आफन्तका लागि मनको सारथि थिए, जसले बन्द खामभित्रका अक्षरहरूलाई आवाज दिएर सुखदु:ख सुनाउँथे । तर, सूचना प्रविधिको आँधीले यो जीवन्त तस्बिरलाई आज एकादेशको कथामा सीमित गरिदिएको छ । लमजुङको मर्स्याङ्दी-६, बाहुनडाँडाका पूर्व हल्कारा तारा श्रेष्ठ तीन दशकअघिको त्यो व्यस्तता सम्झँदै भन्छन्, 'हातहातमा मोबाइल, गाउँगाउँमा इन्टरनेट र तीव्र गतिको कुरियर सेवाले हुलाकको कामलाई खुम्च्याइदिएको छ ।'

कुनै बेला चिठीको व्यग्र प्रतीक्षामा बस्ने आँखा, आज मोबाइलको स्क्रिनमा व्यस्त छन् । अहिले हुलाकका राता बाकसहरू धुलाम्मे छन् र अधिकांश कार्यालयहरू सरकारी बोधार्थका चिठी ओसार्ने काममा खुम्चिएका छन् । आधुनिक सञ्चार प्रविधिले हप्तौं र महिनौंको प्रतीक्षालाई छिनभरको संवादमा




बदलिदिएको छ । 'मोबाइल आएपछि चिठीपत्र र हुलाकी हामी सबैका लागि बिरानो बनिसक्यो,' राइनासका नारायण पौडेल भन्छन् ।

हुलाकको यो ओझेल यात्राले यसको गौरवपूर्ण इतिहासलाई भने मेटाउन सक्दैन । वि.सं. १९३५ मा राजा सुरेन्द्रविक्रम शाहको पालामा औपचारिक रूपमा सुरु भएको नेपालको हुलाक सेवाले देशलाई भावनात्मक र भौगोलिक रूपमा जोड्न खेलेको भूमिका अतुलनीय छ । जंगबहादुर राणाको पालामा विस्तार भएको यो सेवाले भारतसँग समेत सम्बन्ध जोड्दै 'हुलाकी सडक' को अवधारणा जन्मायो, जुन सपना अझै अधुरो छ ।

वि.सं. १९७१ मा पहिलो हुलाक टिकट जारी भएपछि पत्राचारले औपचारिकता मात्र पाएन, गाउँका कुनाकाप्चामा खुलेका हुलाक घरहरू सञ्चार र सूचनाका केन्द्र बनेका थिए ।

# वैदेशिक रोजगारमा जानुपूर्व स्वास्थ्य परीक्षण अनिवार्य

❑ नेस संवाददाता

काठमाडौं – वैदेशिक रोजगारीको सुनौलो सपना बोकेर हिंडेका हजारौं नेपाली श्रमिकहरू बर्सेनि कफिनमा फर्किनुपर्ने भयावह यथार्थलाई रोक्न सरकारले अन्ततः कठोर कदम चालेको छ । फर्जी स्वास्थ्य परीक्षणको जालो तोड्दै श्रमिकको जीवनरक्षा गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अब स्वास्थ्य परीक्षणमा 'शून्य सहनशीलता' को नीति अपनाउँदै कडा प्रावधानसहित नयाँ कार्यविधि जारी गरेको हो ।

यो कदम केवल एउटा प्रशासनिक सुधार मात्र होइन, यो बर्सेनि करिब एक हजार श्रमिकको रहस्यमय मृत्युको चित्कारप्रतिको सरकारी जवाफ भएको श्रममन्त्री शरतसिंह भण्डारीले बताए । 'श्रमिकहरू काम गर्न गएका हुन्, कुनै लडाइँमा होइन । उनीहरूलाई यो 'मृत्युपासो' बाट जोगाउनैपर्छ,' उनले भने, 'समस्याको गम्भीरता र नयाँ अठोटले धेरै राहत मिल्नेछ ।'

पछिल्लो १४ वर्षमा १४ हजारभन्दा बढी नेपाली श्रमिकले विदेशमा ज्यान गुमाएका छन् । अधिकांशको मृत्युको कारण 'प्राकृतिक मृत्यु' वा 'हृदयाघात' जस्ता अस्पष्ट शब्दमा टिपोट गरिन्छ, जसले गर्दा पीडित परिवारले पाउनुपर्ने क्षतिपूर्ति र बिमा रकमबाट समेत वञ्चित हुनुपरेको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरे बताउँछन् । 'गलत रिपोर्ट र फर्जी मेडिकल जाँचका कारण धेरै श्रमिक गन्तव्य मुलुकमा पुगेर स्वास्थ्य समस्यामा परेको र अयोग्य ठहरी फिर्ता हुनुपरेको गुनासो चर्को थियो,' उनले भने, 'अब यो नयाँ कार्यविधिले गुणस्तरीय स्वास्थ्य परीक्षण सुनिश्चित गर्नेछ ।' नयाँ कार्यविधिले स्वास्थ्य परीक्षणको दायरालाई फराकिलो र वैज्ञानिक बनाएको छ ।

# वर्षमा एउटा मात्रै चलचित्र खेल्छु: हमाल

❑ नेस संवाददाता

काठमाडौं – नेपाली चलचित्रका 'महानायक' राजेश हमालले आफ्नो कलाकारिता यात्रालाई नयाँ मोड दिँदै अबदेखि वर्षमा कम्तीमा एउटा उत्कृष्ट चलचित्रमार्फत दर्शकमाझ उपस्थित हुने संकल्प गरेका छन् । लामो समयको अन्तरालपछि पर्दामा फर्किएका हमालले आफ्नो ६१ औं जन्मदिनको अवसरमा आयोजित एक विशेष कार्यक्रममा यो घोषणा गरेका हुन् ।

आफ्नो ३५ वर्षे लामो र सफल फिल्मी यात्राका अनकही पाटाहरू समेटिएको पुस्तक 'युगदेखि युगसम्म' अनावरण गर्दै हमालले भने, 'केही वर्ष म चलचित्रबाट हराएँ, किनकि मैले खोजेको जस्तो विषयवस्तु र निर्माण समूहसँग जोडिन पाएको थिइनँ । तर अब म चुप लागेर बस्दिनँ । जति समय काम गर्छु, वर्षमा एउटा अर्थपूर्ण चलचित्र लिएर दर्शकसम्म पुग्नेछु ।'

आठ वर्षपछि हालै प्रदर्शनमा आएको चलचित्र 'नरसिंहा अवतार' का क्रममा दर्शकबाट पाएको अपार माया र प्रतिक्रियाले आफूलाई यो निर्णय लिन प्रेरित गरेको उनले स्पष्ट पारे । 'दर्शकसँगको भेटघाटमा उहाँहरूको एउटै आग्रह थियो- 'अब चलचित्रबाट गायब नभइदिनुहोला',' हमालले भने, 'त्यही मायाले मलाई ऊर्जा दिएको छ ।












## एनआरएन ..

पृष्ठ १ को बाँकी

भन्ने कतै व्याख्या गरिएको छैन । यही अस्पष्टताका कारण नागरिकताको प्रमाणपत्र लिएर कुनै सुविधा वा कामका लागि सरकारी निकायमा पुग्दा कर्मचारीहरू नै के गर्ने भनेर अलमलिने गरेको एनआरएनहरूको गुनासो छ । 'एनआरएन नागरिकता देखाएर कुनै सुविधा लिन खोज्दा कर्मचारी नै अलमलमा पर्छन्,' लामो समयदेखि यस अभियानमा लागेका पत्रकार सरोज दाहालले भने, 'यो नागरिकता पाउनु र नपाउनुमा खासै फरक छैन । सरकारले अधिकारको परिभाषा गर्न आनाकानी गर्दा संवैधानिक व्यवस्था नै निष्प्रभावी बनेको छ ।' एनआरएनहरूको निरन्तरको दबाबपछि सरकारले केही 'टालटुले' सुधारका प्रयास नगरेको होइन । हालै अध्यादेशमार्फत गैरआवासीय नेपाली सम्बन्धी ऐन संशोधन गर्दै १० वर्षसम्म निःशुल्क भिसा र लगानी गर्दा उद्योग विभागको स्वीकृति लिनुनपर्ने जस्ता केही सुविधा थपिएको छ । तर, एनआरएनहरू यसबाट सन्तुष्ट छैनन् । 'एकातिर नागरिकता दिने अनि अर्कोतिर नेपाल आउन भिसा लिनुपर्ने व्यवस्था आफैमा विरोधाभासपूर्ण छ,' अमेरिकामा व्यवसाय गरिरहेका एनआरएन वासुदेव घिमिरे भन्छन्, 'भिसा नै चाहिने हो भने नागरिकताको औचित्य के रह्यो ? देशका शासक-प्रशासकमा एनआरएनलाई अधिकारसहितको नागरिकता दिंदा मुलुकलाई नै फाइदा हुन्छ भन्ने सोचको विकास हुन सकेन ।'

सबैभन्दा जटिल प्रावधान त 'पैतृक सम्पत्ति पाएको व्यक्तिले थप अचल सम्पत्ति किन्न नपाउने' भन्ने छ । यसले गर्दा अंशमा जग्गा पाएका एनआरएनले नेपालमा थप लगानी गर्नबाट वञ्चित हुनुपरेको छ । यही कानूनी झन्झट र अनिश्चितताका कारण जन्मभूमिमा केही गर्ने सोच बनाएका धेरै एनआरएन निराश भएर आफूले जोडेको सम्पत्ति समेत बेचेर फर्किरहेको घिमिरे बताउँछन् ।

एनआरएनका पूर्वअध्यक्ष जीवा लामिछानेका अनुसार, अधिकार सहितको नागरिकताले एनआरएनका नयाँ पुस्तालाई समेत पुर्ख्यौली थलोसँग जोड्ने र नेपालमा नयाँ लगानी भित्र्याउने ढोका खोल्नेछ । तर, जबसम्म 'आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार' भित्र के-के पर्छन् भनेर कानूनले स्पष्ट पार्दैन, तबसम्म एनआरएन नागरिकता मातृभूमि र डायस्पोरालाई जोड्ने पुल बन्नुको साटो केवल एक प्रतीकात्मक व्यवस्था र राजनीतिक दाउपेचको विषय मात्रै बनिरहनेछ ।

## अबको पर्यटन ..

पृष्ठ १ को बाँकी

**भनेपछि पोलिसीदेखि कार्यान्वयनसम्म सबै कामहरूमा केही न केही भूमिका हुन्छ, होइन त ?**

हो, हामी भर्खरै बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट, हिमालय ट्राभल मार्ट, सफारी मार्ट गरेका छौं । यस्ता मार्टहरू चाहिँ वास्तवमा पर्यटन प्रवर्धन र पर्यटन शोकेसका लागि एकदमै प्रभावकारी प्ल्याटफर्महरू हुन् । विगतमा पनि हेर्‍यौं भने, सञ्चारका विभिन्न सहरहरूमा, ठूल-ठूला सहरहरूमा यस्ता ठूल-ठूला मार्टहरू हुन्छन्, जहाँ चाहिँ हामी गएर पार्टिसिपेट गर्ने गर्छौं । नेपाल पर्यटन बोर्डले निजी क्षेत्रका कम्पनीहरूलाई लिएर, होटेल, ट्राभल, एयरलाइन्स जस्ता कम्पनीहरूलाई लिएर हामीले सहभागिता जनाउने गर्छौं । नेपालमै इभेन्ट्सहरू गर्‍यौं भने विदेशीहरू नेपालै आउने, नेपाल हेर्न पाउनुहुने, हेर्दाखेरि चाहिँ आफै झन् कन्भिन्स हुनुहुने र उहाँहरू यहाँ आउँदाखेरि हाम्रो बिजनेस कम्युनिटीलाई पनि धेरै खर्चिलो नहुने भएर हामीले यस्तो अवधारणामा यो अगाडि बढाएका छौं । अहिले जस्तो बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट भनेर जुन हामीले सुरू गर्‍यौं, यसको अहिले एकदमै रेलेभेन्ट कन्टेक्स्ट के छ भने, भैरहवामा हाम्रो नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनेको छ । त्यसलाई पर्यटनसँग हामीले त्यति धेरै, त्यति बृहत् हिसाबले जोड्न सक्या छैनौं । अब बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट भनेर हामीले जोड्न सक्यौं भने, बुद्ध फेरि आज आफैमा एउटा धर्मभन्दा पनि एउटा फिलोसोफी, दर्शनका हिसाबले अगाडि आएको छ । र नन-बुद्धिस्टले पनि बुद्धिज्मलाई चाहिँ त्यत्तिकै धेरै अपनाइराख्नुभएको छ । खासगरी लुम्बिनी गेटवे टु बुद्धिस्ट सर्किट । बुद्धिस्ट सर्किटको एउटा प्रवेशद्वार नेपालबाटै सुरू होस् भन्ने पनि एउटा हाम्रो उद्देश्य छ । यो सुरू गरेका छौं ।

**यसमा कति देशका सहभागी हुनु-हुन्थ्यो ?**

यसमा चाहिँ करिब-करिब १६ देश, विभिन्न गरेर १६ देशका ६२ जना विदेशी बायर भन्छौं हामी, जो चाहिँ ट्राभल एजेन्ट्स हुनुहुन्छ, टुर अपरेटर्स हुनुहुन्छ र केही स्पिकर्सहरू हामीले बोलाएका थियौं । हिमालयन ट्राभल मार्ट पनि हामीले किन सुरू गरेका हौं भने, यो यही हाम्रो रिजनमा, हिन्दुकुश रिजनमा पनि ५-७ वटा कन्ट्रीमा हिमालयन रिजन पर्छ । हिमालय आफैमा पनि अब आठ वटाभन्दा बढी सर्वोच्च शिखरहरू नेपालमा भएको, त्यसै पनि महत्वपूर्ण कुरा हो । जहाँ चाहिँ एड्भेञ्चर, माउन्टेन टुरिज्म, क्लाइमेट, कन्जरभेसन यस्ता चिजहरू चाहिँ हाइलाइट गरिन्छ । महत्वपूर्ण इस्युहरूमा हामी डिस्कोर्स पनि चलाउँछौं । माउन्टेनहरू कसरी चाहिँ सेभ गर्ने, कसरी चाहिँ यसलाई प्रचार गर्ने भन्ने कुराहरूमा । र अर्को पक्ष हामीले उजागर गर्न खोजेको के छ भने, नेपालका हिमालहरू आजसम्म यत्रो हाम्रो छ-सात दशकको अनुभव पनि हेर्ने हो भने, त्यो चाहिँ साहसिक गतिविधिसँग मात्रै जोडिएर अगाडि आएको छ । हाम्रो माउन्टेनहरूको स्पिरिचुअल भ्यालु पनि त्यत्तिकै छ । त्यस्ता पक्षहरू पनि उजागर हुनुपर्छ । माउन्टेन सँस्कृति पनि उजागर हुनुपर्छ भनेर हामीले लाइफ टाइम एक्सपेरियन्सको थिममा वाइल्डलाइफ, कल्चर, हेरिटेज, फेस्टिभल्स, फुड पनि माउन्टेनको साथसाथै अगाडि बढाउनका लागि यस्ता इभेन्टहरू क्युरेट गरेका हौं ।

**त्यो सफारी मार्टको मोडालिटीबारे पनि स्पष्ट पारिदिनुस् न ?**

अहिले पछिल्लो दिनमा, खासगरी कोभिडपछि संसारभरि हामीले हेर्‍यौं भने, यो नेचर-बेस्ड टुरिज्म, प्रकृति-मैत्री पर्यटन चाहिँ एकदम धेरै चासोको विषय भएको छ । अलिकति म एउटा सानो डाटा सेयर गर्न चाहें । २५-३० वर्ष अगाडि हामीले हेर्‍यौं भने संसारभरिमा करिब-करिब ३०-३५ प्रतिशत सहरी जनसंख्या, बाँकी ग्रामीण जनसंख्या हो । अहिले त्यो ५० प्रतिशत हाराहारीमा छ र अबको २५-३० वर्षमा ७० प्रतिशत सहरी हुन्छ, ३०-३२ प्रतिशत मात्रै ग्रामीण हुन्छ । जति-जति यो सहरी जनसंख्या बढ्दै छ, त्यति-त्यति यो प्रकृति-मैत्री पर्यटनको चाहना, चासो चाहिँ बढ्दै गएको हामी पाउँछौं । नेपालको हेर्ने हो भने, १२ वटा नेसनल पार्क, ६ वटा कन्जरभेसन एरियाजहरू, करिब-करिब १६ हजारभन्दा बढी हाम्रो कम्युनिटी फरेस्टहरू, यी सबैले गर्दाखेरि त्यस्तो खालको पर्यटनको ठूलो सम्भावना छ र भविष्यमा अझ धेरै त्यसको सम्भावना छ भने आजैदेखि किन सुरूवात नगर्ने भनेर पहिलोपल्ट हामीले सफारी मार्ट, जंगल सफारी मार्ट भनेर सुरू गर्दैछौं । यसको सुरूवात चितवनबाट हुन्छ र विभिन्न ठाउँमा जान्छ । अर्को पल्ट हामी बर्दियामा पनि त्यसरी चाहिँ त्यसलाई लैजान्छौं ।

**आन्तरिक पर्यटन बढ्नुले टुरिज्मको भविष्यलाई केही हदसम्म सुरक्षित गर्ने या उज्यालो बनाउने कोसिस गरेको छ ?**

निश्चित रूपमा छ । वास्तवमा फेरि पनि यो विगत ५० वर्षको हामीले यो संसारकै पर्यटनको ग्रोथ रेट हेर्‍यौं भने, केही एकदमै कम उद्योगहरूमध्येको एउटा उद्योग हो पर्यटन क्षेत्र, जुन चाहिँ निरन्तर वृद्धि भइरहेको उद्योग हो यो । बढ्या-बढ्यै छ, अब पहिला धनी देशका मात्र घुम्ने हुन्थ्यो भने अहिले जुनसुकै देशका मान्छेहरू पनि घुम्न निस्कने हुनुभएको छ । यो एक खालको डेली नेसेसिटी जस्तो भएको छ, घुम्न जाने सँस्कृति । पछिल्लो दिनमा केही नेपाली पर्यटकहरू जाँदै गर्दा कतिपय ठाउँमा रेस्पोन्सिबल बिहेभियर होइन कि जस्तो देखिन्छ । जस्तो, प्लास्टिक, क्यानहरू, चकलेटहरू, चाउचाउको उनीहरू, यस्तो चिजहरू चाहिँ ट्रेकिङ ट्रेलहरूमा त्यो बढ्दै गएको पाउँछौं । त्यो अलिकति उत्तरदायी पर्यटकको व्यवहार भएन । सबैको छैन, केही एकदमै राम्रो अन्तर्राष्ट्रिय लेभलकै पनि हुनुहुन्छ । तर केही सेग्मेन्टमा त्यो पनि देखिएको छ । त्यहाँतिर हामीले अलिकति सचेत हुनुपर्ने पनि देख्छौं ।

**पर्यटन प्रवर्धनका लागि बोर्डले डिजिटल प्लेटफर्मको प्रयोग कसरी गरिरहेको छ ?**

हामीले अहिले भारत र चीन जस्ता ठूला बजारमा लक्षित डिजिटल प्रमोसनका लागि छुट्टै बजेट विनियोजन गरेका छौं । ट्रिपएडभाइजर, मेकमाईट्रिप, सिट्रिपजस्ता अन्तर्राष्ट्रिय बुकिङ प्लेटफर्म र ट्राभल एग्रिगेटरहरूसँग सहकार्य बढाउँदैछौं । साथै, हामीले 'गर्मी से बेहाल, चलो नेपाल' जस्ता सफल अभियानहरूलाई पुनः सुरू गरेका छौं, जुन राइडर एप्स (जस्तै : उबर



ओला) मार्फत प्रचार गरिन्छ । यसले गर्दा कम खर्चमा प्रभावकारी रूपमा नेपालको सन्देश पुर्‍याउन सकिन्छ । हामीले हाम्रा दूतावास र विदेशस्थित नेपाली डायस्पोरा, नेपाली रेस्टुरेन्टहरू जस्ता च्यानलहरूलाई पनि प्रवर्धनका लागि उपयोग गरिरहेका छौं ।

**नेपालको पर्यटन क्षेत्रमा एआईको प्रयोग र सम्भावना कस्तो देख्नुहुन्छ ?**

हामीले २०१८ मा नै ट्रिपएडभाइजरसँग मिलेर एआईको प्रयोग सुरू गरेका थियौं । त्यतिबेला यदि कसैले 'हिमालय' वा 'ट्रेकिङ' भनेर खोज्दा पेरू वा न्युजिल्याण्डको सट्टा नेपालको जानकारी अगाडि आउने व्यवस्था मिलाइएको थियो । अहिले एआईको प्रभाव झनै बढेको छ । अब हामीले यो प्रविधिलाई दुई तरिकाले प्रयोग गर्ने योजना बनाएका छौंः पहिलो, नेपालका गन्तव्य र गतिविधिहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्न र दोस्रो, हाम्रो निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्न । यसले उनीहरूलाई प्रतिस्पर्धी बन्न मद्दत गर्नेछ ।

**नेपालको पर्यटनलाई अझै फराकिलो बनाउन 'लाइफ टाइम एक्सपेरियन्स'को अवधारणा अघि सारिएको छ, यसको अर्थ के हो ?**

विगत ६०-७० वर्षदेखि अन्तर्राष्ट्रिय पर्यटनमा हाम्रो अनुभव भए पनि नेपालको छवि पर्वतीय र साहसिक गन्तव्यमा मात्र सीमित भयो । अब हामी यो छविलाई फैलाउन चाहन्छौं । 'लाइफ टाइम एक्सपेरियन्स' को थिम अन्तर्गत हामीले नेपालमा जीवनभरका लागि अविस्मरणीय अनुभवहरू छन् भनेर प्रचार गर्दैछौं । यसमा कल्चर, हेरिटेज, फेस्टिभल, वन्यजन्तु, खाना, र योग-ध्यान जस्ता आध्यात्मिक पर्यटनलाई विशेष जोड दिएका छौं । यसका लागि हामीले विभिन्न जात्राहरूलाई समेत पर्यटकीय उत्पादनको रूपमा विकास गर्दैछौं । जस्तै, सेतो मच्छिन्द्रनाथको जात्रामा विदेशी कूटनीतिज्ञ र टुर अपरेटरहरूलाई सहभागी गराएर यसलाई अन्तर्राष्ट्रियकरण गर्ने प्रयास सुरू गरेका छौं ।


**अन्त्यमा, कुनै पनि सेवाग्राही होस् या पर्यटक पर्यटन बोर्डसँग सम्बन्धित कुन ठाउँमा सम्पर्क गर्न सक्नुहुन्छ ? के-के सहयोग पाउनुहुन्छ ?**

हामीलाई सम्पर्क गर्ने टुल चाहिँ अब हाम्रो भृकुटीमण्डपमा अफिस छ, फिजिकल पनि धेरै आउनुहुन्छ । तर फिजिकल्ली आइराख्न जरुरी छैन । हामीले अहिले यो बजेटका लागि, जो आउने वर्षको बजेट छ, त्यसका लागि हामीले प्रपोजल आह्वान गर्दा पनि डिजिटल्ली नै गरेका छौं । उहाँहरूले त्यो आफ्नो प्रपोजलहरू सबमिट गर्न सक्नुहुन्छ, केही आइडियाजहरू छन् भने सेयर पनि गर्न सक्नुहुन्छ । ती प्ल्याटफर्महरू छन् । हाम्रो कतिपय यो सोसल साइट्सहरू, सोसल मिडिया प्रमोसनका साइट्सहरू पनि छन् । त्यहाँ पनि कतिपय गेस्टहरूले अथवा त्यो युजरहरूले त्यहाँ कन्सर्न राख्नुहुन्छ । त्यसका पनि हामीले रिप्लाई गर्ने गर्छौं । र अब फोन र इमेल त छँदैछ ।






# के तपाई हामीसँग काम गर्न चाहनुहुन्छ ?



K–LINE GROUP ले विगत लामो समयदेखि विभिन्न कम्पनीहरूका लागि आवश्यक कामदाहरू भर्ना गरी रोजगार प्रदान गर्दै आईरहेको छ । हाल यस कम्पनीको मातहतमा ४ सय जना आरूबाइतो र १७ जना सेइ-स्याईन लिडरको रूपमा काम गरिरहेका छन् । सबै कार्यक्षेत्रमा नेपाली सिनियर कर्मचारीहरू भएकोले नेपाली भाषामा नै सहज तरिकाले काम सिकाउने गरिन्छ ।

**अहिलेको लागि आवश्यक कर्मचारीहरू :**

**१. २०२६ अप्रिलदेखि काम सुरू गर्नेगरी सेइस्याइन (नेपाली कर्मचारीहरूको श्रम व्यवस्थापन, भाषा अनुवाद तथा नयाँ कर्मचारी भर्ना आदि)**

लक्षित उम्मेदवार २०२५ मार्चमा नेपालका विश्वविद्यालयबाट स्नातक गरेका वा जापानका प्राविधिक विद्यालयहरूबाट स्नातक हुने तयारीमा रहेका र जापानीभाषा (JLPT) N2 स्तर भएका, कामप्रति लगाव भएका स्पष्ट र आत्मविश्वाका साथ संवाद गर्न सक्ने नेपाली नागरिक रहेका छन् ।

यस कम्पनीमा जापानमा स्थायी बसोबास अनुमति प्राप्त वा जापानी नागरिकता लिएका कार्मचारीहरू पनि कार्यरत रहेकाले दीर्घकालीन रूपमा काम गर्न सक्ने वातावरण रहेको छ । यदि काममा कुनै भाषाको समस्या भएमा पनि नेपाली भाषामा नै सोधपुछ गर्न सकिन्छ । सेवा सुविधा आफ्नो क्षमता अुनसार प्रदान गरिनेछ ।

कामको मुख्य जिम्मोवारी आरूबाइतो तथा पार्ट टाइम कामदारहरूको व्यवस्थापन, भाषा अनुवाद तथा दोभाषे सेवा र नयाँ कर्मचारी भर्ना गर्ने रहेको छ भने कार्यस्थल ताचिकावा (टोकियो), सागामिहारा, कानागावा, याचियो (चिबा), ताकासाकी (गुन्मा), तोयोआखे (आइची) र कुवाना (मिए) रहेको छ ।

**२. तोकुतेई गिनोउ उत्तीर्ण कर्मचारी (SSW) (खाद्य र पेय पदार्थ उत्पादन सम्बन्धिको योग्यता श्रेणी १ नम्बर)**

SSW परिक्षा उतिर्ण भएका आवेदकले आवेदन दिन सक्नेछन् साथै अन्य कम्पनीबाट स्थानान्तरण गर्न चाहनेहरूका लागि पनि





अवसर रहेको छ । हाल योग्यता श्रेणी २ भएका एकजना नेपाली यस कम्पनीमा आवद्ध छन् । कम्पनी भित्रको काम विशेष गरी तरकारी, फलफूल आदिको प्रशोधन तथा प्याकेजिङ गर्ने काम समावेश रहेको छ । कामको कुनै अनुभव नभए पनि कम्पनीमा आवद्ध भएपछि आवश्यक सीप सिक्न सक्नुहुनेछ ।

२०२४ जनवरीदेखि दुई वर्ष वा सो भन्दा बढि कर्मचारी व्यवस्थापन जस्ता कार्यको अनुभव पछि, यदि तपाइले परीक्षा उत्तीर्ण गर्नुभयो भने SSW नम्बर २ मा जान सम्भव हुनेछ । SSW २ मा परिणत भएपछि परिवारका सदस्यहरूलाई डिपेन्डेन्टमा जापानमा ल्याउन सकिन्छ । साथै SSW बाट अन्य भिसामा परिवर्तन गर्न सकिने संभावना रहनुका साथै दिर्घकालिन रूपमा जापानमा बस्ने अनुमति प्राप्त गर्न सक्नुहुनेछ ।

**त्यस बाहेक विभिन्न कम्पनीमा आरूबाइतो कामदार पनि भर्ना गरिरहेको हुनाले त्यसका लागि पनि संपर्क गर्नुहोला ।**

K•LINE GROUP
www.k-linegroup.co.jp
सम्पर्क
फोन:03-3358-4075 (जापानी भाषा), 070-3619-2460 (नेपाली भाषा-चन्द्र)
Line OK! K-line Primeira Viber OK!
E-mail: kline-saiyo@primeira.jp




Call us now!
080-4150-5314
OK Viber
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314
Web : www.gmt-intl.com www.samudrapari.com
Email: gmtintl.jpn@gmail.com

Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka